बागमती प्रदेश सरकार
उद्योग,वाणिज्य,भूमि तथा प्रशासन मन्त्रालय

हेटौडा, नेपाल ।

पत्र संख्याः ०८१/८२
चलानी नं:

मिति :२०८१/१२/०६

## अनुसन्धान वृत्तिको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना।
## (दोश्रो पटक सूचना प्रकासन मितिः २०८१।१२।०६)

यस मन्त्रालयको आ.ब. २०८१/८२ को अनुसन्धान र विकास कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत अनुसन्धान र विकास कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०८१ को (प्रथम संशोधन) अनुरुप यस आर्थिक वर्षको लागि छनौट भएका ३० संख्याका शोधपत्र विषयहरु सार्वजनिक गरिएकोमा प्रथम पटक सूचना प्रकाशनको म्यादमा दर्ता भएका शोधपत्र प्रस्तावहरुलाई कायम राखी १० दिने सूचना पुनः प्रकाशन गरिएको छ। प्रस्ताव मार्फत छनौट भएका शोधपत्र प्रस्तावको सूचि मन्त्रालयले पुन सूचना प्रकाशन गर्नेछ र सो सूचना प्रकाशन भएको मितिले दुई महिनाभित्र छनौट भएका शोधपत्रको अन्तिमरुप विद्यार्थीहरुले मन्त्रालयमा पेश गर्नुपर्नेछ। पेश भएका शोधपत्रहरु मध्ये उत्कृष्ट १० शोधपत्रलाई मन्त्रालयले विशेष कार्यक्रम आयोजना गरी प्रति शोधपत्र एक लाखका दरले अनुसन्धान वृत्ती प्रदान गर्नेछ।

तपसिलः

१. Evaluation of Industrial Policies in Bagamati Province: Gaps between policy and practices with reference to national policies
२. Assessment of the Effectiveness of Bagamati Province's Industrial Entrepreneur's Act
३. Impact of Provincial Autonomy on Industrial Policy in Bagamati Province
४. Policy Reforms for Small and Medium Enterprises (SMEs) in Bagamati Province: Challenges and Prospects
५. Need assessment of Bagamati Province's Trade Policy: Implications for Provincial Industrial Growth
६. Role of Industrial village in promoting manufacturing industries in Bagamati Province
७. Growth and Competitiveness of Cottage and Small Industries in Bagamati Province
८. Industrial Infrastructure Development and Its Impact in Bagamati Province
९. Administrative and Regulatory Barriers to Industrial Establishment in Bagamati Province
१०. Access to Finance for Small and Medium Enterprises in Bagamati Province
११. Role of Innovation and Startups in Industrial Growth in Bagamati Province
१२. Potential for Agro-Based Industries in Bagamati Province: Policy and Challenges
१३. Absence of Investment Board in Bagamati Province: Impacts on Industrial Investment
१४. Renewable Energy Adoption in Industrial Development in Bagamati Province
१५. प्रदेश सरकारको औद्योगिक अनुदान नीतिः कार्यान्वयनका चुनौतीहरू
१६. बागमती प्रदेशमा लगानी प्रवर्द्धनका लागि अपनाइएका नीतिहरूको समीक्षा

महाशाखा प्रमुख

बागमती प्रदेश सरकार
उद्योग,वाणिज्य,भूमि तथा प्रशासन मन्त्रालय
हेटौडा, नेपाल ।

पत्र संख्या: ०८१/८२
चलानी नं:
मिति :२०८१/१२/०६

१७. बागमती प्रदेशका औद्योगिक क्षेत्रहरूको विकास र औद्योगिक उत्पादनमा यसको प्रभाव
१८. बागमती प्रदेशमा औद्योगिकरणको वर्तमान अवस्था र भविष्यको सम्भाव्यता
१९. स्थानीय तह र प्रदेश सरकारबीचको सहकार्य: औद्योगिक विकासमा प्रभाव
२०. औद्योगिक क्षेत्रमा महिला उद्यमशीलताको अवस्था र चुनौतिहरू
२१. बागमती प्रदेशमा स्वरोजगार प्रवर्द्धनका सरकारी प्रयासहरूको प्रभाव
२२. बागमती प्रदेशमा सार्वजनिक-निजी साझेदारी (PPP) को भूमिका र प्रभावकारिता
२३. बागमती प्रदेशमा स्वदेशी तथा आयातित वस्तुहरूको व्यापार संरचना र प्रतिस्पर्धा
२४. खुद्रा व्यापार (Retail Business) को विकास र चुनौतीहरू
२५. डिजिटल कारोबार (E-commerce) र यसको व्यापार प्रणालीमा प्रभाव
२६. स्थानीय उत्पादन प्रवर्द्धनका लागि प्रदेश सरकारले अपनाएको नीति
२७. वस्तु तथा सेवा कारोबारको प्रवृत्ति र समस्या
२८. व्यापार मेलाहरूको आयोजना र स्थानीय उत्पादन प्रवर्द्धनमा प्रभाव
२९. बजारमा उपभोक्ता ठगीका घटनाहरू: कारण र नियन्त्रण उपायहरू
३०. अनलाइन खरिदमा उपभोक्ताको अधिकार

<u>नोट</u>

४. माथि उल्लेखित शोधपत्र अङ्ग्रेजी वा नेपाली दुई माध्यम मध्ये एक माध्यममा १० दिन भित्र उपलब्ध गराउनु पर्नेछ।
५. शोधपत्रको प्रस्ताव र शोधपत्र त्रिभुवन विश्वविद्यालयको Master's Degree Dissertation Guidelines, 2019 को दायरामा रहि पेश गर्नुपर्नेछ।
६. मापदण्डको अनुसूची-३ समेत यसै सूचना साथ संलग्न रहेको छ।

..........................
सुनिता गजुरेल
महाशाखा प्रमुख

महाशाखा प्रमुख

अनुसूची-३:

शोधपत्र प्रस्तावको प्रारम्भिक मूल्याङ्कन मापदण्ड (५० अंक)

शोधपत्र प्रस्तावहरूको प्रारम्भिक मूल्याङ्कन निम्न पाँच मापदण्डका आधारमा गरिनेछ। प्रत्येक मापदण्डमा ५, ७, ९, र १० अंक प्राप्त गर्ने आधार स्पष्ट रूपमा उल्लेख गरिएको छ।

१. अनुसन्धानको सान्दर्भिकता (५ – ९ अंक)

- ५ अंक: प्रस्तावित अनुसन्धान उद्योग, उद्यमशीलता, वाणिज्य वा बजारीकरणसँग सामान्य रूपमा सम्बन्धित छ, तर प्रत्यक्ष प्रभाव प्रमाणित छैन। (जस्तै, नीति निर्माणमा अप्रत्यक्ष प्रभाव पार्ने अध्ययन)
- ७ अंक: विषय महत्वपूर्ण भए पनि व्यावहारिक प्रभाव सामान्य छ। (जस्तै, सैद्धान्तिक अनुसन्धान जसको कार्यान्वयन कठिन छ)
- ९ अंक: अनुसन्धानले नीति निर्माण वा आर्थिक प्रवर्द्धनमा प्रत्यक्ष प्रभाव पार्न सक्छ। (जस्तै, प्रदेशको औद्योगिक नीति सुधार गर्न सक्ने अध्ययन)

२. नवीनता र मौलिकता (५ – १० अंक)

- ५ अंक: अनुसन्धान मौलिक छैन, पहिले भएका अध्ययनहरूसँग धेरै मिल्दोजुल्दो छ। (जस्तै, पहिल्यै भएका डेटा पुनः विश्लेषण मात्र गर्ने)
- ७ अंक: केही नवीनता छ, तर पूर्ण मौलिक नभई अन्य अनुसन्धानहरूबाट प्रेरित छ। (जस्तै, अन्य देशमा गरिएको अध्ययनलाई स्थानीय सन्दर्भमा परीक्षण गर्ने)
- ९ अंक: अनुसन्धानमा उल्लेखनीय मौलिकता छ, तर कार्यान्वयन चुनौतीपूर्ण हुन सक्छ। (जस्तै, नयाँ सिद्धान्त विकास गर्ने)
- १० अंक: अनुसन्धान पूर्ण मौलिक र नवप्रवर्तनशील छ। (जस्तै, नयाँ प्रविधि, प्रक्रिया वा अवधारणाको विकास)

३. उद्देश्यको स्पष्टता (५ – ७ अंक)

- ५ अंक: उद्देश्य अस्पष्ट वा सामान्य छन्। (जस्तै, "उद्योगमा प्रभाव" जस्तो परिभाषित नभएको विषय)
- ७ अंक: उद्देश्यहरू स्पष्ट छन्, तर विस्तृत कार्ययोजना छैन। (जस्तै, "कुन क्षेत्रलाई कसरी सुधार गर्ने" भन्ने स्पष्ट छैन)

४. कार्यविधि (**Methodology**) (५ – १० अंक)

- ५ अंक: कार्यविधि अव्यवस्थित छ, डेटा स्रोत विश्वसनीय छैन। (जस्तै, अनौपचारिक स्रोतहरू मात्र प्रयोग गर्ने)

महाशाखा प्रमुख

- ७ अंक: कार्यविधि ठीक छ, तर अनुसन्धानको परिमाण सीमित छ। (जस्तै, सीमित नमुना आकार, आधारभूत विश्लेषण)
- ९ अंक: कार्यविधि वैज्ञानिक छ, डेटा स्रोत बलियो छन्। (जस्तै, गहिरो विश्लेषण, स्पष्ट परिमाणित तथ्यहरू)
- १० अंक: कार्यविधि उत्कृष्ट छ, नवीनतम प्रविधि वा प्रविधिगत दृष्टिकोण अपनाइएको छ। (जस्तै, AI, Big Data प्रयोग गर्ने)

५. व्यावहारिकता र कार्यान्वयन योग्यता (५ – ९ अंक)

- ५ अंक: अनुसन्धान सैद्धान्तिक छ, व्यावहारिक प्रयोग कठिन छ। (जस्तै, अत्यधिक सामान्य अवधारणाहरू)
- ७ अंक: कार्यान्वयन सम्भव छ, तर केही चुनौतीहरू छन्। (जस्तै, सरकारी सहयोग आवश्यक पर्ने, तर सम्भाव्यता देखिएको)
- ९ अंक: प्रत्यक्ष कार्यान्वयन सम्भव छ, उद्योग/वाणिज्य क्षेत्रमा प्रभावकारी प्रयोग गर्न सकिने। (जस्तै, नयाँ व्यापार नीति प्रस्ताव गर्ने)

निष्कर्ष

- अधिकतम स्कोर: ५० अंक
- न्यूनतम आवश्यक स्कोर: २५ अंक (२५ भन्दा कम अंक प्राप्त गर्ने प्रस्ताव अस्वीकृत हुनेछ।)
- मूल्याङ्कन प्रक्रिया: अनुसन्धान छनौट तथा निर्णायक समिति द्वारा १५ दिनभित्र सम्पन्न गरिनेछ।

महाशाखा प्रमुख